## जवाफदेही, सुशासन र पारदर्शीताको सुनिश्चितताका लागि सुदृढ नागरिक समाज तथा नागरिक समाज संस्थामैत्री नीति तथा कार्यमुलक वातावरणका लागि साझा आधार-पत्र

नेपालको सामाजिक, आर्थिक र राजनीतिक पुनःसंरचना तथा रुपान्तरणका लागि सामाजिक क्षेत्र, नागरिक समाज, पेशागत संस्थाहरुका साथै मजदुर संगठनहरुको महत्वपूर्ण योगदान रहँदै आएको छ । नेपालको संविधानको धारा १७ उपधारा (२) (घ)ले भेला तथा संगठित हुने स्वतन्त्रतालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २० र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण उद्देश्यका लागि संगठित हुने (संस्था खोल्ने) अधिकारलाई राज्यको दायित्वको रूपमा मान्यता दिएको छ । तर गृह मन्त्रालयद्वारा मिति २०८२/५/३ मा सर्वसाधारणको राय सुझावको लागि भनेर जारी गरिएको संघ-संस्था दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन तथा एकीकरण गर्न बनेको विधेयक सामाजिक संघ-संस्था अनुकूल तथा उनीहरुको कामलाई सहजीकरण गर्ने खालको नभएको महसुस भएको छ । संविधानले प्रत्याभुत गरेको लोकतन्त्र, समावेशिता, लैंगिक हिंसाको समुल अन्त्य, जातीय विभेदको अन्त्य जस्ता बिषयमा समग्र नागरिक समाज दृढ छ ।

तर नागरिक संस्थाको लागि बन्ने कानून निर्माण प्रक्रियामा नागरिक संस्थालाई नै उपेक्षा गरिनु सोचनीय विषय छ । र यसखाले असमावेशी र अपारदर्शी प्रक्रियाले सिङ्गो नागरिक समाजलाई गम्भीर बनाएको छ । हामी नागरिक संघ-संस्थाका प्रतिनिधिहरु सर्वसाधारणको राय सुझावको लागि भनेर जारी गरिएको मस्यौदा प्रक्रिया स्थगन गर्न, नागरिक संघ-संस्थाका प्रतिनिधिहरुको सहभागितामा मात्र मस्यौदा निर्माण प्रक्रिया अघि बढाउन र मस्यौदामा निम्न बमोजिमका आधारभूत विषयहरु समावेश गर्न माग गर्दछौं ।

१) संघ संस्था दर्ता तथा परिचालन सम्वन्धि गृह मन्त्रालयले जारी गरेको मस्यौदा नागरिक समाज संस्थाहरुको कार्यमुलक वातावरण संकुचन गर्ने गरी र नियन्त्रणमुखी सोचबाट आएको ठहर गरेका छौं। यसखाले प्रावधान सहित असमावेशी र अपारदर्शी प्रक्रियाबाट आएको मस्यौदाप्रति हामी सहमत हुन सक्दैनौं । साथै नागरिक समाज संस्था नियमन तथा सहजिकरण सम्वन्धि ऐन सामाजिक विकास सम्बद्ध मन्त्रालय मातहत रहने गरी ल्याउन नेपाल सरकारसँग माग गर्दछौं ।

२) नेपाली नागरिक संघ संस्थाहरुले समय सापेक्ष नागरिक संघ संस्थामैत्री ऐन विगत लामो समयदेखि माग गर्दै आएको भए तापनि गृह मन्त्रालयबाट सार्वजनिक गरिएको संघ संस्था ऐन २०८२ को मस्यौदा सरोकारवालासँग परामर्श नगरी ल्याएको र मस्यौदाका अधिकांश प्रावधानहरुले नागरिक संघ-संस्थाहरुलाई थप संकुचन गर्ने, नियन्त्रणमूखि र नागरिक

स्वतन्त्रता, समावेशिता, पारदर्शिताको साझा मूल्य मान्यताहरु विपरित आएकाले उक्त मस्यौदाका प्रावधानहरु नागरिक संघ-संस्था प्रतिनिधि समेत समावेश गरी सच्याउनको लागि माग गर्दछौं ।

३) राज्य संचालनको मूख्य आधार स्तम्भका रुपमा रहेको सरकार, निजीक्षेत्र र नागरिक समाज मध्ये नागरिक संघ संगठनहरुले मूलतः नागरिक समाजको प्रतिनिधित्व गर्दै आईरहेको हुन्छ र यसले पहरेदारी, खवरदारी र साझेदारी गर्ने गरेकोमा आर्थिक, सामाजिक रुपान्तरण र देशको समृद्धिको अभियानमा नागरिक समाज संस्था अनुकूल हुने कानून निर्माण गरी सहजीकरण गर्न र राज्यको विकास साझेदारको रुपमा पहिचान दिन माग गर्दछौं ।

४) आर्थिक, सामाजिक रुपान्तरण र दिगो विकासका लागि तीनै तहका सरकारका नीति कार्यक्रम तथा बजेटमा साझेदारी तथा सहकार्य गरी तीनै तहका सरकारका नीति तथा कार्यक्रमहरुलाई समयमा परिचालन गर्न साझेदारी ऐन तथा नियमावली र निश्चित मापदण्डको व्यवस्था गर्न माग गर्दछौं ।

५) नेपालको संविधानको धारा १७ उपधारा २ (घ) ले संघ संस्था खोल्न पाउने र संगठीत हुन पाउने स्वतन्त्रता सहितको मौलिक हक प्रदान गरेकाले मौलिक हक अनुरुप यसका मुख्य सरोकारवाला सँगको परामर्शबाट मात्र नागरिक संघ संगठन तथा सामाजिक संस्था दर्ता तथा परिचालन सम्वन्धि ऐन ल्याउन माग गर्दछौं ।

६) हाम्रो देशमा टोल, गाउँ, समुदाय, वस्ती लगायत तहगत रुपमा सामुदायिक तथा नागरिक संघ संस्थाहरु रहेको र उक्त संघ संस्थाहरु लोकतन्त्रको आधार स्तम्भ समेत भएकाले नागरिक समाज संस्था दर्ता, नवीकरण एउटै निकायबाट सरल, पारदर्शी र एकीकृत प्रणालीवाट हुनुपर्ने साथै नवीकरण प्रत्येक ५/५ वर्षमा र वार्षिक रुपमा कार्यविवरण र प्रतिवेदन वुझाए पुग्ने व्यवस्था गर्न माग गर्दछौं । प्रस्तावित मस्यौदामा उल्लेखित दर्ता सम्बन्धी प्रावधानहरु यसको प्रतिकूल र थप झन्झटिलो रहेको कुरा प्रति सचेत गराउँछौं ।

७) नागरिक समाज संस्था अर्थात सामाजिक संघ संस्थाहरूलाई उनीहरूको कार्यक्षेत्र अनुसार तहगतको व्यवस्था गरी स्थानीय, प्रदेश र संघीय तहमा दर्ता हुने व्यवस्था गरिनु पर्छ । तर गृह मन्त्रालय मार्फत जारी गरिएको मस्यौदा उल्लेखित कार्यक्षेत्र सम्बन्धी प्रावधानहरु यस अनुकूल नरहेकोले सो प्रावधान खारेज गर्न माग गर्दछौं ।

८) नागरिक समाज संस्थाहरु वर्गीकरण गरी सामुदायिक संस्थाहरु, उपभोक्ता समुहहरु, प्राकृतिक साधन स्रोतमा आधारीत नागरिक संघसंस्था, महिला, बालबालिका, युवा, सीमान्तकृत समुदायको संस्थाहरु नागरिक समाज संस्थाहरु, विषय केन्द्रित संजालहरु, नागरिक समाज संस्था महासंघ, पेशागत महासंघ र मजदुर संघ संगठनहरुलाई प्रकृति अनुसार दर्ता गर्ने र सोही अनुरुप परिचालन गर्ने व्यवस्था गरिनु पर्छ ।

९) नागरिक समाज संस्थाहरु अर्थात सामाजिक संघ संस्थाहरुका सञ्जाल र पेशागत महासंघको सहजीकरण तथा परिचालनका लागि संघीय तहमा प्रतिनिधिमुलक स्वायत्त र स्वतन्त्र सामाजिक विकास बोर्ड गठन गरिनु पर्छ । साथै संजाल र पेशागत महासंघहरूले संघीय सामाजिक विकास बोर्डमा दर्ता गर्ने प्रावधान गरिनु पर्छ ।

१०) स्थानीय तहमा दर्ता हुने र वैदेशिक सहायता प्राप्त नगर्ने अर्थात नेपाल सकारका निकायसँगको साझेदारी तथा सहकार्यमा काम गर्ने नागरिक समाज संस्थाहरुलाई संघीय सामाजिक विकास बोर्डमा आवद्धता गर्न नपर्ने व्यवस्था गरिनु पर्छ ।

११) सामाजिक विकास बोर्ड राजनीतिक नियुक्ति केन्द्र नभई स्वतन्त्र व्यवसायिक दक्ष व्यक्तिहरूको प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृत छनौट गर्ने व्यवस्था गरिनु पर्छ ।

१२) नागरिक समाज संस्थालाई गैर नाफामुलक क्षेत्रको रुपमा पहिचान गरी नागरिक समाज संस्थाहरू (सिएसओ) लाई प्राप्त हुने अनुदान र स्वआर्जन (सामाजिक उद्यम) मा कर छुट हुने र सम्पत्ति खरिद बिक्री र हस्तान्तरण गर्न पाउने अधिकार सुनिश्चित गरिनु पर्छ ।

१३) वैदेशिक सहायता कार्यान्वयनको लागि संघीय सामाजिक विकास वोर्डमा स्वतन्त्र, स्वायत्त अनुगमन र मूल्यांकन गर्ने एकद्धार सहितको डिजिटल प्रणाली सुनिश्चित गरिनु पर्छ ।

१४) अन्तर्राष्ट्रिय अनुदानका परियोजनाहरूका लागि संघीय सामाजिक विकास बोर्डबाट स्वीकृति लिंदा प्रक्रिया सरल र निश्चित समयसीमा निर्धारण गरिनु पर्छ, साथै परियोजना स्वीकृति प्रदान गर्न नमिल्ने अवस्थामा कारण उपलब्ध गराउने व्यवस्था गरिनु पर्छ।

१५) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि संघीय सामाजिक विकास बोर्डबाट स्विकृति लिनुपर्ने र नेपालका नागरिक समाज संस्थासँगको साझेदारीमा मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनु पर्छ ।

१६) निजी क्षेत्रको सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गतको स्रोत परिचालन गर्न स्वच्छ प्रतिस्पर्धाबाट नागरिक समाज संस्थाहरु मार्फत् लक्षित समुदायमा खर्च गर्ने प्रणाली स्थापना गरिनु पर्छ ।

देश विकासको अभियानमा नागरिक संघ संस्था तथा नागरिक समाजको सहभागिता, सहकार्य र साझेदारी सहितको परिचालनको सुनिश्चिता गरी देश विकासको अभियानमा अपनत्व सीर्जना गर्न अनुरोध गर्दछौं ।

सम्पूर्ण नागरिक समाज संघ संस्थाको तर्फबाट